# देवचुली नगरपालिका

## स्थानीय राजपत्र

खण्डः ९) नवलपरासी (ब.सू.पू), असोज ०५ गते, २०८३ (सख्याः २

### भाग-२

**गैंडाकोट नगरपालिका र देवचुली नगरपालिकाको (साझेदारीमा) वारुणयन्त्र व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८३**

**<u>प्रस्तावनाः</u>** आगलागी नियन्त्रणको लागि वारुणयन्त्रको व्यवस्थापन तथा सञ्चालन गरी आम नागरिकलाई दिगो, भरपर्दो र विश्वसनीय सेवा प्रवाह गर्न वाञ्छनीय भएकोले, गैंडाकोट र देवचुली नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम गैंडाकोट र देवचुली नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

देवचुली नगरपालिका राजपत्र

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम " गैंडाकोट र देवचुली नगरपालिकाको (साझेदारीमा) वारुणयन्त्र व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८३" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "ऐन" भन्नाले गैंडाकोट र देवचुली नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ लाई सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले गैंडाकोट नगर कार्यपालिका र देवचुली नगरपालिकाको कार्यपालिकालाई समेत सम्झनु पर्छ ।

(ग) "कार्यालय" भन्नाले गैंडाकोट नगर कार्यपालिकाको कार्यालय र देवचुली नगरकार्यपालिकाको कार्यालय समेतलाई सम्झनु पर्छ ।

(घ) "समिति" भन्नाले दफा ८ बमोजिमको निर्देशक समिति र दफा १२ बमोजिमको व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(ङ) "स्थानीय प्रशासन" भन्नाले जिल्ला प्रशासन कार्यालयलाई सम्झनु पर्छ।

(च) "सभा" भन्नाले गैडाकोट नगर सभा र देवचुली नगर सभा सम्झनु पर्छ।

(छ) "साझेदार नगरपालिका" भन्नाले यस कार्यविधि बमोजिम वारुणयन्त्रको व्यवस्थापन तथा सञ्चालनमा साझेदारी गर्ने नगरपालिकालाई सम्झनुपर्छ।

देवचुली नगरपालिका राजपत्र

## परिच्छेद - २

## वारुणयन्त्रको व्यवस्था

३. **वारुणयन्त्रको प्राप्ति :** गैंडाकोट नगरपालिकामा देहाय बमोजिमका सहायता/स्रोतबाट वारुण यन्त्र प्राप्त हुने सक्नेछः-

(क) नेपाल सरकारबाट सहायता स्वरुप प्राप्त,

(ख) प्रदेश सरकारबाट सहायता स्वरुप प्राप्त,

(ग) गैंडाकोट नगरपालिकाको आफ्नो स्रोतबाट खरिद,

(घ) दातृ निकायबाट नेपाल सरकार मार्फत सहायता स्वरुप प्राप्त,

(ङ) अन्य संघ/संस्था/व्यक्तिबाट सहायता स्वरुप प्राप्त,

(च) देवचुली नगरपालिकाबाट साझेदारी स्वरुप प्राप्त रकम।

४. **वारुणयन्त्रको व्यवस्थापन तथा सञ्चालनः** (१) गैंडाकोट नगरपालिकाले वारुणयन्त्र नियमित रुपमा व्यवस्थापन तथा सञ्चालनको व्यवस्था मिलाउनेछ ।

(२) कार्यालयले आवागमनमा सहज हुने गरी साझेदार नगरपालिकालाई समेत पायक पर्ने उपयुक्त स्थानमा वारुणयन्त्र राख्ने व्यवस्था मिलाउनेछ ।

(३) कार्यालयले वारुणयन्त्रको सेवा चौबीसै घण्टा उपलब्ध हुने व्यवस्था मिलाउनेछ ।

(४) नागरिक वा सुरक्षा निकायबाट खबर आएको पाच मिनेटभित्र सम्बन्धित स्थानको लागि प्रस्थान गरिसक्नु पर्नेछ ।

(५) गैंडाकोट नगरपालीकाको विपद व्यवस्थापन शाखाले नियमित रुपमा वारुणयन्त्र व्यवस्थापन र सञ्चालन सम्बन्धी कार्य गर्नेछ ।

५. **वारुणयन्त्रको नियमित मर्मत सम्भारः** (१) गैंडाकोट नगरपालिकाको कार्यालयले वारुणयन्त्रको नियमित मर्मत सम्भारको आवश्यक व्यवस्था मिलाउनेछ ।

(२) साझेदार नगरपालिकाले वारुणयन्त्रको नियमित व्यवस्थापन सञ्चालन र मर्मत सम्भारको लागि बारुण यन्त्र सञ्चालनकोषमा आवश्यक बजेट व्यवस्थापन गर्नेछ ।

देवचुली नगरपालिका राजपत्र

(३) गैंडाकोट नगरपालिकाको कार्यालयले वारुणयन्त्रको बीमा सम्बन्धी सम्पूर्ण व्यवस्था मिलाउनेछ।

६. <u>लगबुक</u> : (१) वारुणयन्त्र परिचालन पश्चात वारुणयन्त्र चालकले अनुसुची २ बमोजिमको लगबुक भरेर गैंडाकोट नगरपालिकाको सार्वजनिक सम्पत्ति व्यवस्थापन (जिन्सी) शाखाको प्रमुखलाई बुझाउनु पर्नेछ।

## परिच्छेद-३

## जनशक्ति व्यवस्थापन तथा सेवा सुविधा

७.<u>जनशक्ति व्यवस्थापनः</u> (१) वारुणयन्त्र व्यवस्थापन तथा सञ्चालनको लागि न्यूनतम रुपमा देहाय बमोजिमका जनशक्ति व्यवस्था गरिनेछः-

| | | |
|---|---|---|
| (क) | नायक (पाँचौ तह सरह) | १ जना |
| (ख) | वारुणयन्त्र चालक (चौथो तह सरह) | २ जना |
| (ग) | फायरम्यान (चौथो तह सरह) | ४ जना |

(२) उपदफा (१) बमोजिमका कर्मचारी गैडाकोट र देवचुली नगरपालिकालाई दीर्घकालीन दायित्व सृजना नहुने गरी कार्यालयले निर्देशक समितिको सिफारिसमा सेवा करार मार्फत लिनु पर्नेछ ।

तर यो कार्यविधि स्वीकृत हुनुभन्दा अगावै स्थायी नियुक्ति भई कार्यरत कर्मचारीको हकमा यो प्रावधान लागू हुने छैन ।

(३) कार्यालयले उपदफा (१) बमोजिम नियुक्त हुने कर्मचारीहरुलाई सेवा प्रवेश तालिम दिई काममा लगाउनेछ ।

(४) कार्यालयले कार्यरत जनशक्तिको क्षमता विकासका लागि नियमित रुपमा तालिमको व्यवस्था मिलाउने छ ।

(५) कार्यालयले उपदफा (१) बमोजिमका कर्मचारीहरुको प्रति कर्मचारी न्यूनतम रू दशलाख सम्मको दुर्घटना बीमाको व्यवस्था मिलाउनेछ।

(६) कार्यालयले आगलागी नियन्त्रणका क्रममा जनशक्तिको सुरक्षाको पर्याप्त व्यवस्था मिलाउनेछ ।

देवचुली नगरपालिका राजपत्र

(७) कार्यालयले आगलागी नियन्त्रण सम्बन्धी कार्य गर्दा प्रयोग गर्नुपर्ने सुरक्षा सम्बन्धी सबै सामग्रीहरुको प्रबन्ध गर्नेछ ।

(८) वारुणयन्त्र सञ्चालनमा संलग्न हुने कर्मचारीको व्यक्तिगत सुरक्षा सम्बन्धी तोकिएको पोशाक तथा न्यूनतम उपकरणको व्यवस्था कार्यालयबाट गरिनेछ ।

(९) वारुणयन्त्र सञ्चालनमा कार्यरत कर्मचारीहरुले नगर कार्यपालिकाले निर्धारण गरेको पदीय मर्यादा, कर्तव्य तथा अनुशासनको पालना गर्नु पर्नेछ ।

(१०) कार्यालयले उपदफा (९) बमोजिमको कर्तव्य र अनुशासन पालना नगर्ने कर्मचारीको सेवा करार सम्झौता तत्काल खारेज गर्न सक्नेछ ।

<u>**८.जनशक्तिको सेवा सुविधाः**</u> (१) यस कार्यविधि बमोजिम नियुक्त हुने कर्मचारीले सेवा करार सम्झौता बमोजिमको सेवा सुविधा पाउने छन् ।

(२) यस कार्यविधि बमोजिमका कर्मचारीलाई एक दिनमा आठ घण्टा बराबरको कार्य समय पर्ने गरी सिफ्टमा काममा लगाइने छ ।

तर जनशक्ति अभावका कारण दैनिक आठ घण्टा भन्दा बढी काममा लगाउनु परेमा कार्यालयले नियमानुसार अतिरिक्त सुविधा उपलब्ध गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम समय तालिका कायम गर्दा कुनैपनि समय खाली नरहने गरी जनशक्ति व्यवस्थापन गर्नु पर्नेछ ।

(४) यस कार्यविधि बमोजिम कार्यरत जनशक्तिलाई वारुणयन्त्र सञ्चालनको काम बाहेक अन्य काममा लगाउन पाइने छैन ।

(५) कार्यालयले यस कार्यविधि बमोजिम नियुक्त हुने कर्मचारीहरुलाई आगलागी नियन्त्रणका लागि कार्यक्षेत्रमा खटिएको समयमा कार्यपालिकाको निर्णय बमोजिम जोखिम भत्ता उपलब्ध गराउन सक्नेछ ।

(६) वारुणयन्त्र सञ्चालनमा संलग्न कर्मचारी कार्यालयप्रति उत्तरदायी हुनुपर्नेछ ।

## परिच्छेद-४
## निर्देशक समिति सम्बन्धी व्यवस्था

९.**निर्देशक समितिः** (१) आगलागी नियन्त्रणको लागि वारुणयन्त्रको व्यवस्थित, विश्वसनीय र प्रभावकारी सञ्चालनको व्यवस्था मिलाउन देहाय बमोजिमको निर्देशक समिति रहनेछः-

(क) गैडाकोट नगरपालिकाको प्रमुख -संयोजक

(ख) देवचुली नगरपालिकाको प्रमुख -सह-संयोजक

(ग) गैडाकोट नगरपालीकाको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) देवचुली नगरपालीकाको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ङ) गैडाकोट नगरपालीकाको विपद् तथा वातावरण शाखा प्रमुख -सदस्य-सचिव

(२) समितिले स्थानीय प्रशासनका अधिकृत प्रतिनिधि, स्थानीय स्तरमा रहेको नेपाल प्रहरी, सशस्त्र प्रहरी वल, नेपाल, नेपाली सेनाका प्रतिनिधि, तथा विपद्को क्षेत्रमा कार्य गर्ने संघ संस्थाका प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको बैठक वर्षमा कम्तिमा ३ पटक बस्नेछ ।

(४) समितिको काम, कर्तव्य र अधिकार देहायमा बमोजिम हुनेछः-

(क) वारुणयन्त्र व्यवस्थापन तथा सञ्चालनको लागि कार्यालयलाई नीतिगत निर्देशन गर्ने,

(ख) वारुणयन्त्रको समुचित र व्यवस्थित प्रयोग गर्ने व्यवस्था मिलाउने,

(ग) वारुणयन्त्र सञ्चालन सम्बन्धमा आवश्यकतानुसार स्थानीय प्रशासन वा सुरक्षा निकायसँग समन्वय गर्ने,

(घ) आपतकालिन कार्य सञ्चालन केन्द्रको पूर्वाधार निर्माण र सञ्चालन गर्न आवश्यक प्रबन्ध गर्ने,

देवचुली नगरपालिका राजपत्र

(ङ) वारुणयन्त्र सञ्चालनको लागि आवश्यकता अनुसार अन्य स्थानिय तह तथा संघसंस्थासँग समन्वय गर्ने ।

**१०. कोष व्यवस्थापनः** (१) वारुणयन्त्र व्यवस्थापन तथा सञ्चालनका लागि कार्यालयमा एक कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम जम्मा गरिनेछः-

(क) नेपाल सरकारबाट वारुणयन्त्र सञ्चालनका लागि उपलब्ध हुने अनुदान,

(ख) प्रदेश सरकारबाट वारुणयन्त्र सञ्चालनका उपलब्ध हुने अनुदान,

(ग) गैंडाकोट र देवचुली नगरपालिकाको वार्षिक कार्यक्रमबाट वारुणयन्त्र सञ्चालनका लागि विनियोजित रकम,

(घ) अन्य गाउँपालिका तथा नगरपालिकाबाट वारुणयन्त्र सञ्चालनका लागि प्राप्त हुने रकम,

(ङ) संघ संस्था तथा निजी क्षेत्रबाट सहयोग स्वरुप प्राप्त रकम,

(च) वारुणयन्त्र व्यवस्थापन तथा सञ्चालनका लगि अन्य स्रोतबाट प्राप्त रकम ।

(३) यस दफा बमोजिमको कोषको खाता सञ्चालन प्रचलित कानून बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिमको कोष सञ्चालन गर्न कोषमा भएको आम्दानी, खर्च र लेखा सम्बन्धी कार्य प्रचलित कानून बमोजिम हुनेछ ।

(५) उपदफा (१) बमोजिमको कोषबाट वारुणयन्त्र व्यवस्थापन तथा सञ्चालन, इन्धन, नियमित मर्मत/सम्भार, वारुणयन्त्र सेवा तर्फ कार्यरत कर्मचारीको तलब, भत्ता तथा अन्य सुविधा, कार्यविधि वमोजिम गर्नुपर्ने बीमा र आगलागी नियन्त्रणका लागि आवश्यक अन्य सामग्रीहरु (पोशाक र उपकरण समेत) खरीद तथा मर्मत सम्भारमा मात्र खर्च गर्न सकिनेछ।

देवचुली नगरपालिका राजपत्र

**११. लेखा परीक्षणः** वारुणयन्त्र व्यवस्थापन तथा सञ्चालन कोषको आन्तरिक तथा अन्तिम लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद - ५
## साझेदारीमा वारुणयन्त्रको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था

**१२. साझेदारीमा वारुणयन्त्रको व्यवस्थापन तथा सञ्चालनः** (१) दुई वा सो भन्दा बढी गाउँपालिका/नगरपालिकाको साझेदारीमा वारुणयन्त्र व्यवस्थापन तथा सञ्चालन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम वारुणयन्त्रको व्यवस्थापन र सञ्चालन गर्दा अनुसूची-१ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ ।

(३) साझेदारीमा वारुणयन्त्रको व्यवस्थापन र सञ्चालनको लागि सम्बन्धित गाउँपालिका/नगरपालिकाले सम्झौता बमोजिमको वित्तीय दायित्व व्यहोर्नुपर्नेछ ।

**१३. व्यवस्थापन समितिः** (१) आगलागी नियन्त्रणको लागि वारुणयन्त्रको व्यवस्थित, विश्वसनीय र प्रभावकारी सञ्चालनको व्यवस्था मिलाउन देहाय बमोजिमको व्यवस्थापन समिति रहनेछः-

(क) गैंडाकोट नगरपालिकाको प्रमुख -संयोजक
(ख) देवचुली नगरपालिकाको प्रमुख -सह-संयोजक
(ग) गैंडाकोट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत -सदस्य
(घ) देवचुली नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत -सदस्य
(ङ) गैंडाकोट नगरपालिकाको विपद् तथा वातावरण शाखा प्रमुख -सदस्य
(च) देवचुली नगरपालिकाको विपद् तथा वातावरण शाखा प्रमुख -सदस्य
(छ) गैंडाकोट नगरपालिकाको सार्वजनिक सम्पत्ति व्यवस्थापन (जिन्सी) शाखा प्रमुख -सदस्य सचिव

(२) समितिले स्थानीय प्रशासनका अधिकृत प्रतिनिधि, स्थानीय स्तरमा रहेको नेपाल प्रहरी, सशस्त्र प्रहरी वल, नेपाल, नेपाली सेनाका प्रतिनिधि, तथा

देवचुली नगरपालिका राजपत्र

विपद्को क्षेत्रमा कार्य गर्ने संघ संस्थाका प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको बैठक वर्षमा कम्तिमा २ पटक बस्नेछ ।

(४) यस दफा बमोजिमको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) वारुणयन्त्र रहने स्थान एकीन गर्ने ।

(ख) लागत साझेदारीको ढाँचा र अनुपात एकीन गर्ने ।

(ग) जनसंख्या, भौगोलिक क्षेत्रफल र सडकको घनत्व जस्ता धारमा सम्बन्धित नगरपालिकाले व्यहोर्नुपर्ने वित्तीय दायित्व निर्धारण गर्ने ।

(घ) वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी स्वीकृतिका लागि सिफारिस गर्ने ।

(ङ) वार्षिक खर्चको समीक्षा गर्ने ।

(च) वारुणयन्त्र व्यवस्थापन तथा सञ्चालनका सम्बन्धमा गाउँपालिका वा नगरपालिका

बीचमा उत्पन्न हुन सक्ने विवाद समाधान गर्ने

(छ) समितिका अन्य काम, कर्तव्य र अधिकार दफा ८ को उपदफा (४) बमोजिम हुनेछ।

१४. <u>कोष व्यवस्थापनः</u> (१) साझेदारीमा वारुणयन्त्र व्यवस्थापन तथा सञ्चालनका लागि वारुणयन्त्र रहने नगरपालिकाको कार्यालयमा एक कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा दफा ९ को उपदफा (२) बमोजिमको रकम जम्मा गरिनेछ ।

(३) गैंडाकोट नगरपालिका र देवचुली नगरपालिकाले साझेदारी सम्झौता बमोजिमको रकम उक्त कोषमा वार्षिक रुपमा श्रावण मसान्तभित्र जम्मा गर्नुपर्नेछ ।

(४) यस दफा बमोजिमको कोषको खाता सञ्चालन तथा लेखा परीक्षण वारुणयन्त्र रहने कार्यालयले प्रचलित कानून बमोजिम हुनेछ ।

देवचुली नगरपालिका राजपत्र

(४) उपदफा (१) बमोजिमको कोष सञ्चालन गर्न कोषमा भएको आम्दानी, खर्च र लेखा सम्बन्धी कार्य प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद - ४

## विविध

**१५. समीक्षा एवं प्रगती प्रतिवेदनः** निर्देशक समितिले र व्यवस्थापन समितिले वारुणयन्त्र व्यवस्थापन तथा सञ्चालन सम्बन्धी क्रियाकलापको वार्षिक रुपमा समीक्षा गरी कार्यपालिका समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) साझेदारीमा वारुणयन्त्र सञ्चालन हुने अवस्थामा दफा १२ बमोजिमको व्यवस्थापन समितिले वारुणयन्त्र व्यवस्थापन तथा सञ्चालन सम्बन्धी क्रियाकलापको वार्षिक रुपमा समीक्षा गरी सम्बन्धित कार्यपालिका समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**१६. संशोधनः** (१) यस कार्यविधिमा संशोधन गर्नुपर्ने भएमा समितिको सिफारिसमा सम्बन्धित कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

(२) साझेदारीमा वारुणयन्त्र सञ्चालन हुने अवस्थामा दफा १२ बमोजिमको व्यवस्थापन समितिको सिफारिसमा वारुणयन्त्र रहने गैडाकोट नगरपालिकाको कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

**१७. यसै कार्यविधि बमोजिम भएको मानिनेः** यस कार्यविधि पारित हुनुभन्दा अगावै वारुणयन्त्र सम्बन्धमा गैंडाकोट नगरपालिकाबाट भए गरेका कार्य यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

**१८.बाधा अडकाउ फुकाउनेः** (१) यस कार्यविधिको कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध आएमा समितिले बाधा अड्काउ फुकाउन सक्नेछ ।

**१९.सेवा शुल्क :** (१) आगलागी नियन्त्रण तथा मानव उद्धार कार्य निःशुल्क हुनेछ।

अनुसूची-१

(दफा १२ को उपदफा (२) सँग सम्बन्धित)

साझेदारीमा वारुणयन्त्र व्यवस्थापन तथा सञ्चालन सम्झौता

साझेदारीमा वारुणयन्त्र व्यवस्थापन तथा सञ्चालनका लागि नगरपालिकाको प्रमुखले गैंडाकोट नगरपालिका र देवचुली नगरपालिकाको (साझेदारीमा) वारुणयन्त्र व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८३ बमोजिम देहाय अनुसारको लागत साझेदारी गर्ने तथा देहायका शर्त पालना गर्ने गरी यो सम्झौता गरेका छौं ।

**<u>शर्तहरुः</u>**

१. यस कार्यविधिको पूर्ण पालना गर्ने ।

२. वारुणयन्त्र तथा यसका लागि आवश्यक जनशक्ति र अन्य उपकरण एकै स्थानमा राखी वारुणयन्त्र व्यवस्थापन र सञ्चालन गर्ने ।

३. गैंडाकोट नगरपालिका र देवचुली नगरपालिका बीच साझेदारीमा बारुणयन्त्र व्यवस्थापन तथा सञ्चालन सम्बन्धी कार्यविधि निर्माण गरी सम्बन्धित नगर कार्यपालिकाबाट स्वीकृत गरिनेछ।

४. बारुणयन्त्र व्यवस्थापन तथा सञ्चालन कार्यलाई थप व्यवस्थित गर्न एक निर्देशक समिति बनाइनेछ।

५. बारुणयन्त्र व्यवस्थापन तथा सञ्चालन सम्बन्धी सम्पूर्ण कार्यको जिम्मेबारी तथा निर्णय गर्ने अधिकार निर्देशक समितिमा रहनेछ।

६. बारुणयन्त्र खरिद प्रक्रियाका सम्पूर्ण चरणहरु (स्पेसिफिकेसन, लागत अनुमान तयार गर्ने, सूचना प्रकाशन देखि जिन्सी दाखिला सम्म) को कार्यको जिम्मेबारी गैंडाकोट नगरपालिकाको हुनेछ।

७. बारुणयन्त्र जिन्सी दाखिला र PDI प्रतिवेदन प्राप्त भएपश्चात् जारी बिजक रकमको ३०% रकम देवचुली नगरपालिकाले गैंडाकोट नगरपालिकाको खातामा जम्मा गर्नेछ।

८. बारुणयन्त्र व्यवस्थापन तथा सञ्चालन सम्बन्धी सम्पूर्ण कार्यको खर्च लेखाङ्कनका लागि 'बारुणयन्त्र व्यवस्थापन तथा सञ्चालन कोष' निर्माण गरिनेछ।

९. हेभी सवारी चालक १ जना र थप एक जनालाई मासिक रु १०,०००।०० प्रोत्साहन भत्ता उपलब्ध गराउने रकम सहित वार्षिक इन्धन, जनशक्ती, मर्मत खर्च

रु ११ लाख अनुमान गरी त्यसको ३०% (रु ३,३०,०००।००) रकम देवचुली नगरपालिकाले जम्मा गर्ने।

१०. यसरी देवचुली नगरपालिकाले जम्मा गरेको ३०% रकम र गैंडाकोट नगरपालिकाले राख्ने ७०% रकम बारुण यन्त्र सञ्चालन कोषमा राखी त्यस कोषबाट खर्च लेख्ने व्यवस्था मिलाउने।

११. बारुण यन्त्र दैनिक गुडेको लगबुक र मर्मत रजिष्टर अद्यावधिक गराइराख्ने र प्रमाणित गराउने दायित्व गैंडाकोट नगरपालिकाको हुनेछ।

१२. आकस्मिक रुपमा रु ५ लाख भन्दा माथिको मर्मत गर्नुपर्ने अवस्थामा मर्मत गराउनु पूर्व जानकारी गराई मेकानिकल इन्जिनियरको प्रतिवेदनका आधारमा देवचुली नगरपालिकाले खर्चको ३०% रकम थप उपलब्ध गराउनेछ।

१३. बारुणयन्त्र दुवै नगरपालिकालाई दुरीका हिसाबले पायक पर्ने गैंडाकोट नगरपालिकाको भेडाबारी क्षेत्रमा राखिनेछ।

१४. बारुण यन्त्रमा गैंडाकोट नगरपालिका र देवचुली नगरपालिकाको साझेदारीमा सञ्चालित बारुण यन्त्र सेवा भनेर लेखिनेछ।

१५. यो सम्झौता कार्यविधिको प्रमुख अंश हुनेछ र यसलाई प्रत्येक २/२ वर्षमा पुनरावलोकन गरी अद्यावधिक गर्न सकिनेछ।

१६. यस सम्झौतामा उल्लेख नभएका अन्य विषयहरुका सम्बन्धमा दुवै नगरपालिकाको आपसी सहमतीमा निर्णय हुनेछ।

साम्झौता गर्नेः

हस्ताक्षरः..................
नामः
पदः
............नगरपालिका

हस्ताक्षरः..................
नामः
पदः
.............नगरपालिका

**साक्षीहरुः**

हस्ताक्षरः..................
नामः
पदः प्रमुख प्रशासकीय अधिकृत
...........नगरपालिका

हस्ताक्षरः..................
नामः
पदः प्रमुख प्रशासकीय अधिकृत
...........नगरपालिका

देवचुली नगरपालिका राजपत्र

## अनुसूची – २

(दफा ६ संग सम्बन्धित)

### वारुणयन्त्र परिचालन लगबुक

| क्र.स. | घटना मिति | स्थान | घटनाको प्रकार | परिचालन समय | फर्किएको समय | खपत भएको इन्धन (लि.) | खटिएको कर्मचारीको नाम र पद | घरधनिको नाम र फोन नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |

**प्रमाणित मितिः २०८३/०६/०५**

**आज्ञाले**
**विनोद रोका**
**प्रमुख प्रशासकीय अधिकृत**

देवचुली नगरपालिका राजपत्र